# स्थानीय राजपत्र

भिमाद नगरपालिकाद्वारा प्रकाशित

(खण्ड ८) भिमाद मंसिर २३ गते, २०८१ साल (संख्या १२)

## भाग २

## भिमाद नगरपालिकाको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## कृषि विकास अनुदान कार्यक्रम सञ्चालन(पहिलो संशोधन) कार्यविधि, २०८१

भिमाद नगरपालिकाको कृषि विकास अनुदान कार्यक्रम सञ्चालन, २०८०, लाई समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

नगर कार्यपालिकाले देहाय बमोजिमको कार्यविधि स्वीकृत गरेको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " कृषि विकास अनुदान कार्यक्रम सञ्चालन(पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकावाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **मूल कार्यविधिको दफा ४ मा संशोधन**- मूल कार्यविधिको दफा ४ को उपदफा (१) को खण्ड (ग) हटाइएको छ ।

३. **<u>मूल कार्यविधिको दफा ६ मा संशोधन</u>**- मूल कार्यविधिको खण्ड (घ) लाई हटाई खण्ड (क), (ङ) र (च) मा देहाय बमोजिम संशोधन गरिएको छ ।

क) **<u>मूल कार्यविधिको खण्डमा (क) मा संशोधन</u>**-अधिकतम ७५ प्रतिशत भन्ने सट्टा अधिकतम ५० प्रतिशत कायम गरिएको छ ।

ख) **<u>मूल कार्यविधिको खण्ड (ङ) मा संशोधनमा</u>**- अधिकतम ८५ प्रतिशत भन्ने सट्टा अधिकतम ५० प्रतिशत कायम गरिएको छ ।

ख) **<u>मूल कार्यविधिको खण्ड च मा संशोधन</u>** -मूल कार्यविधिको अधिकतम ९० प्रतिशत भन्ने सट्टा अधिकतम ५० प्रतिशत कायम गरिएको छ ।

४. **<u>मूल कार्यविधिको दफा १६ मा संशोधन</u>** — मूल कार्यविधिको दफा १६ को खण्ड (ङ) को तालिकाको प्रकरण नं. २ मा १००० को सट्टा ५०० कायम गरिएको छ ।

आज्ञाले

प्रमाणिकरण मितिः २०८१/०८/२३

कमल प्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत

**सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित। मूल्य रु. ४०।-**